# कटहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# कटहरी,मोरंग,१ नं.प्रदेश

## बालुवा र भरौट विक्री कर संकलन गर्न E-BID/सिलबन्दी ठेक्का बन्दोबस्ती सम्बन्धी ३० दिने सूचना !!!

प्रथम पटक प्रकाशित मितिः २०७८/०४/२२

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम कटहरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्रबाहेक बालुवा, बिक्री शुल्क संकलन गर्न तपशिल बमोजिमको खोलाबाट तोकिएको परिमाणमा बिक्री शुल्क संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपरेकाले ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि, नवीकरण भएको दर्ताप्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर तथा आ.व.२०७७/७८ सम्मको कर तिरेको प्रमाणित प्रतिलिपि पेश गरी ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र रितपूर्वकको बोलपत्र आह्वान गरिएको छ।

तपशिल

| सि.नं. | ठेक्का नं. | ठेक्काको नाम | उठाउने क्षेत्र | उत्खनन योग्य परिमाण (घन फिट) | न्युनतम ठेक्का अंक रु.(भ्याट सहित) | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | KRM/NCB-06/2078/079 | लोहन्द्रा खोला | कटहरी गाउँपालिकाको सतारी घाट, हुरहुरिया घाट, मर्चनिया घाट, बबिया घाट\|<br>धनपालथान गाउँपालिकाको वालुघाट र रामघाट । | १४९२०४५.३३\|- | ७३,९७,२७४\|- | ३०००\|- |

<u>शर्तहरु</u>

1. बोलपत्र फारम दस्तुर ठेक्का नं.६ को लागि रु ३०००।००(तीन हजार) मात्रको यस कार्यालयको रा.बा.बैंक कटहरी शाखाको खाता नं.२१९०१००३०१०१०००२ मा दाखिला गरि PPMO को वेभसाईट http://bolpatra.gov.np/egp मार्फत सूचना प्रकाशित भएको मितिले ३० तीस दिन भित्र बोलपत्र फारम खरिद गरि सक्नुपर्नेछ ।
2. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२:०० बजेसम्म अनिवार्य online तथा बोलपत्र दर्ता गराउनुपर्नेछ ।

3. सिलबन्दी बोलपत्र दर्ता भएको दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलत्रदाताहरुको प्रतिनिधिको रोहावरमा खोलिनेछ र बोलपत्र खोल्ने समयमा बोलपत्रदताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।
4. बोलपत्रमा ठेक्का कबोल रकमको ५ प्रतिशतले हुने रकम कटहरी गाउँपालिकाको नाममा रहेको रा.बा.बैंक कटहरी  शाखाको हि.न. २१९०१००३०३००००००२ धरौटी खातामा जम्मा गरी सोको सक्कल भौचर साथै बोलपत्रदाताले फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/७८ सम्मको कर तिरेको प्रमाणित प्रतिलिपि वा सम्बन्धित निकायबाट म्याद थप गरेको प्रमाणको प्रतिलिपि साथै स्वःघोषण पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
5. बोलपत्रदाताले आफूले कबोल गरेको ठेक्काको रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखी छाप लगाई पेश गर्नु पर्नेछ ।
6. बोलपत्र फारममा भरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
7. बोलपत्र खरिद गर्ने वा दर्ता गराउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त सो को लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ ।
8. शिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन बोलपत्र दाखिला र बोलपत्र खोलिनेछ ।
9. बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको ७ सात दिन भित्र सम्झौता गर्न नआएमा ५ प्रतिशत धरौटी रकम जफत हुनेछ ।
10. ठेक्कमा सम्झौताको समयमा बोलपत्रदाताले पहिलो किस्ता वापत कबोल अंकको ४० प्रतिशत  जम्मा गर्नुछ पर्ने र बाँकी २ किस्ता मध्ये दोस्रो किस्ता ४० प्रतिशत बापत २०७८ पौष मसान्त र तेस्रो किस्ता २० प्रतिशत वापत २०७८ चैत्र मसान्त सम्ममा जम्मा गर्नु पर्नेछ ।
11. सम्पुर्ण रकम एकमुष्ट नबुझाइ किस्तामा रकम बुझाउने भएमा बोलपत्रदाताले ठेक्का सम्भौता गर्न आउदा कति रकम बुझाउन बाकी रहन्छ सो बराबरको नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बैकबाट २०७९ असार मसान्त सम्म म्याद भएको बैक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।
12. ठेक्काको अवधि २०७८ आश्विन देखि २०७९ जेष्ठ सम्मको लागि मात्र हुनेछ ।
13. ठेक्का सम्झौता भइसकेपछि कुनै बन्द हडताल वा कुनै कारणबाट ठेक्का रकममा कुनै प्रकारको छुट मिनाहा माफि दिइने छैन ।
14. बोलपत्रदाताले सम्झौता समयमा कबोल गरेको ठेक्का अंकको सम्पुर्ण रकम एकमुष्ट बुझाउदा १० प्रतिशत रकम छुट सुविधा दिन सकिनेछ ।
15. बालुवा  बिक्री शुल्क प्रति घनफिट ४.७५रुपैयाका दरले र भरौट बिक्रि शुल्क प्रति घनफिट ३.०० रुपैयाका दरले  संकलन गर्नुपर्नेछ ।
16. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियम अनुसार कारबाही भई ठेक्का रद्द समेत हुन सक्नेछ ।





17. बोलपत्रदाताले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।
18. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ ।
19. केरमेट भएको, सही छाप नभएको, म्याद नाघी दर्ता हुन आएको बोलपत्र स्वीकृत गरिने छैन ।
20. बोलपत्रदाता तथा गाउँपालिका बीच कुनै किसिमको मतभिन्नता भएमा गाउँपालिका निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।
21. यस सुचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र नभएका कुराहरुको हकमा नेपालको प्रचलित कानून बमोजिम हुनेछ |
22. बालुवा र भरौट बिक्री शुल्क तथा प्राकृतिक धारा किनारा घाट कुल कुलेसा, लोकमार्ग तथा सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी पुलको ५ सय मिटर उत्तर दक्षिण छाडेर मात्र बालुवा र भरौट उठाउन पाउनेछ ।
23. नदीको दुवै किनार २५/२५ प्रतिशत भाग छोडी बालुवा र भरौट संकलन गर्न पाइनेछ ।
24. प्रारम्भिक वातावरणीय प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रही बालुवा र भरौट संकलन गर्नु पर्नेछ ।
25. बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ ।
26. ठेक्का तथा विड डकुमेन्ट सम्बन्धि अन्य जानकारीको लागि बोलपत्रदाताले http://bolpatra.gov.np/egp मार्फत जानकारी प्राप्त गर्न सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत



कटहरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कटहरी,मोरंग

आ.व २०७८/७९ का लागि तपशिलका नाकाहरुबाट तोकिएको लम्बाई,चौडाई र गहिराई मध्येबाट उत्खनन हुने **नदिजन्य पदार्थहरुको परिणाम**

| क्र.स | खोलाको नाम | नाकको नाम | लम्बाई (मि) | चौडाई (मि.) | गहिराई(मि.) | IEE बमोजिम उत्खनन हुने परिमाण (घ.मि.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | लोहन्द्रा खोला | सतारी टोल | १३०० | ३० | ०.५ | ३६०२०९.९८ | |
| | | हुरहुरिया घाट | ४०० | ३० | ०.३० | १०१७०६.३४ | |
| | | मरचनिया घाट | ९०० | ३१ | ०.३ | ११८२३३.६ | |
| | | बबिया घाट | १००० | ५० | ०.७ | ६६३९१६.४ | |
| | | राम घाट | १०५० | ३० | १ | ३५९५२६.४ | |
| | | वालुघाट | ८७५ | ३० | १.१ | ५२४३५३.५ | |
| | | **जम्मा** | | | | **२१२७९४६.२२** | |